कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक

कांक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४

ग्राहक बन्नु परेमा

❑ वर्ष : २६ ❑ अंक : ३६ ❑ शनिवार, १४ कात्तिक, २०८३ ❑ Saturday, 31 Oct 2026 ❑ नेपाल संवत ११४६ ❑ पृष्ठ : ४ ❑ मूल्य : रू. १०

तीन महिनामा कर्णालीको विकास बजेट खर्च चार प्रतिशत पनि पुगेन

❑ चाँदनी कठायत
सुर्खेत, १३ कात्तिक

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८३/०८४ को पहिलो तीन महिनामा विकास निर्माणका लागि विनियोजित बजेटको चार प्रतिशत पनि खर्च गर्न सकेको छैन। चालुतर्फको खर्च १२ प्रतिशत नाघ्दा विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च भने ३.९३ प्रतिशतमा सीमित भएको छ। यसले चालु आर्थिक वर्षको सुरुवातदेखि नै प्रदेश सरकारको बजेट कार्यान्वयन कमजोर देखिएको छ।

प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरणअनुसार सरकारले असोज मसान्तसम्म कुल बजेटको ७.२० प्रतिशत मात्रै खर्च गरेको छ। चालु आर्थिक वर्षका लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँ विनियोजन गरिएकोमा तीन महिनामा दुई अर्ब ५४ करोड ८७ लाख ५१ हजार ७९६ रुपैयाँ खर्च भएको छ। अझै ३२ अर्ब ८४ करोड ९७ लाख ९६ हजार रुपैयाँ खर्च हुन बाँकी छ।

सरकारले चालुतर्फ १४ अर्ब १५ करोड १८ लाख ३६ हजार रुपैयाँ विनियोजन गरेको छ। त्यसमध्ये असोज मसान्तसम्म एक अर्ब ७३ करोड २७ लाख २४ हजार रुपैयाँ खर्च भएको छ। यो चालु बजेटको १२.२४ प्रतिशत हो। पुँजीगततर्फ विनियोजित २० अर्ब ७४ करोड ६७ लाख १२ हजार रुपैयाँमध्ये ८१ करोड ६० लाख २७ हजार रुपैयाँ मात्रै खर्च भएको छ।

यसरी तीन महिनाको अवधिमा प्रदेश सरकारले प्रशासनिक तथा नियमित सञ्चालनतर्फको बजेट खर्च गरे पनि विकास निर्माणका योजनामा अपेक्षित प्रगति गर्न सकेको छैन। कुल बजेटको ९२.८० प्रतिशत रकम अझै खर्च हुन बाँकी रहँदा आगामी महिनामा बजेट कार्यान्वयनको दबाब बढ्ने देखिएको छ। प्रदेश सरकारले वित्तीय व्यवस्थातर्फ छुट्याएको ५० करोड रुपैयाँ पनि खर्च भएको छैन। कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधाका लागि विनियोजित दुई करोड र अर्थ-विविध शीर्षकमा छुट्याइएको ८८ करोड रुपैयाँसमेत असोज मसान्तसम्म खर्च भएको छैन।

कर्णालीमा बजेट कार्यान्वयन कमजोर देखिएको यो पहिलो वर्ष होइन विगतदेखि नै विकास आयोजनाको पूर्वतयारी अभाव, निर्माण कार्यमा ढिलाइ, नीतिगत जटिलता तथा बजेट निर्माण र कार्यान्वयन गर्ने निकायबीच समन्वय अभावजस्ता समस्या दोहोरिँदै आएका छन्। आवश्यक अध्ययनबिना बजेटमा समावेश गरिएका आयोजना र लामो समयदेखि अलपत्र योजनाले पनि विकास बजेट कार्यान्वयन प्रभावित हुँदै आएको छ।

प्रदेश सरकारले दीर्घकालीन महत्त्वका ठूला आयोजनाभन्दा वार्षिक रुपमा सञ्चालन हुने साना योजनालाई प्राथमिकता दिँदै आएको छ। प्रदेश सरकार स्थापना भएको झन्डै नौ वर्ष पुग्न लाग्दासमेत बजेट कार्यान्वयनको पुरानो प्रवृत्तिमा उल्लेखनीय सुधार आउन सकेको छैन। यस अवधिमा कर्णालीमा पाँच जनाले सरकारको नेतृत्व गरिसकेका छन्। माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा एमालेले विभिन्न समयमा सरकार सञ्चालन गरे पनि विकास बजेट खर्च गर्ने क्षमतामा अपेक्षित सुधार देखिएको छैन।

सबैभन्दा बढी बजेट पाएको पूर्वाधार मन्त्रालयको खर्च ६ प्रतिशत

कर्णाली प्रदेश सरकारले सबैभन्दा बढी बजेट विनियोजन गरेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले पनि पहिलो तीन महिनामा न्यून रकम मात्रै खर्च गरेको छ। सडक, पुल तथा अन्य भौतिक पूर्वाधार निर्माणको जिम्मेवारी पाएको मन्त्रालयले कुल बजेटको ६.०८ प्रतिशत खर्च गरेको हो। मन्त्रालयका लागि चालु आर्थिक वर्षमा १० अर्ब ९३ करोड २१ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ। त्यसमध्ये असोज मसान्तसम्म ६६ करोड ४६ लाख ८५ हजार ९५५ रुपैयाँ खर्च भएको छ। मन्त्रालयको १० अर्ब २६ करोड ७४ लाख २४ हजार रुपैयाँ बजेट खर्च हुन बाँकी छ।

त्यस्तै, जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको खर्च अवस्था अझ कमजोर देखिएको छ। मन्त्रालयले विनियोजित चार अर्ब ८१ करोड ९५ लाख ८६ हजार रुपैयाँमध्ये १४ करोड ६९ लाख १४ हजार रुपैयाँ मात्रै खर्च गरेको छ। यो कुल बजेटको ३.०५ प्रतिशत हो। मन्त्रालयको चार अर्ब ६७ करोड २६ लाख ७१ हजार रुपैयाँ खर्च हुन बाँकी छ। सामाजिक विकास मन्त्रालयले विनियोजित ६ अर्ब एक करोड ४९ लाख दुई हजार रुपैयाँमध्ये ५९ करोड ५९ लाख १३ हजार रुपैयाँ खर्च गरेको छ। मन्त्रालयको खर्च प्रगति ९.९१ प्रतिशत छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले दुई अर्ब ८९ करोड १५ लाख २७ हजार रुपैयाँ बजेटमध्ये १४ करोड ७७ लाख ६७ हजार रुपैयाँ खर्च गरेको छ। यो कुल बजेटको ५.११ प्रतिशत हो। कृषि मन्त्रालयको दुई अर्ब ७४ करोड ३७ लाख ५९ हजार रुपैयाँ बजेट अझै खर्च हुन बाँकी छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको खर्च पनि आठ प्रतिशत पुग्न सकेको छैन। मन्त्रालयका लागि विनियोजित दुई अर्ब ४४ करोड ४७ लाख ६५ हजार रुपैयाँमध्ये १९ करोड ४० लाख २८ हजार रुपैयाँ खर्च भएको छ। यो ७.९४ प्रतिशत हो।

स्थानीय तहका लागि प्रदेश सरकारले छुट्याएको बजेटको खर्च पनि न्यून देखिएको छ। प्रदेश सरकारले स्थानीय तहका लागि पाँच अर्ब ५४ करोड ७२ लाख ८० हजार रुपैयाँ विनियोजन गरेको छ। असोज मसान्तसम्म ६५ करोड ३२ लाख १९ हजार रुपैयाँ अर्थात् ११.७८ प्रतिशत खर्च भएको छ। स्थानीय तहका लागि विनियोजित चार अर्ब ८९ करोड ४० लाख ६० हजार रुपैयाँ खर्च हुन बाँकी छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ८३ करोड ३५ लाख रुपैयाँ बजेटमध्ये सात करोड २६ लाख २३ हजार रुपैयाँ खर्च गरेको छ। कार्यालयको खर्च प्रगति ८.७१ प्रतिशत छ। आर्थिक मामिला तथा योजना मन्त्रालयले २० करोड तीन लाख रुपैयाँमध्ये तीन करोड एक लाख ११ हजार रुपैयाँ अर्थात्

बाँकी पृष्ठ ४

हानि-नोक्सानी कोषले नेपाललाई २१ मिलियन अमेरिकी डलर दिने

❑ कांक्रेविहार संवाददाता
काठमाडौं, १३ कात्तिक

भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि नेपालले २१.६ मिलियन अमेरिकी डलर (करिब पौने ३ अर्ब नेपाली रुपैयाँ अनुदान सहयोग पाउने भएको छ। संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी संरचना अन्तर्गतको हानि-नोक्सानी सम्बोधन कोषले नेपाललाई सो रकम उपलब्ध गराउने निर्णय गरेको छ। भदौ १० गते आएको भयानक बाढीलाई हिमालयन सुनामीका रूपमा उल्लेख गर्दै सरकारले सो बाढीका कारण पुगेको ठुलो मानवीय र आर्थिक क्षतिलाई दृष्टिगत गरी ३१ अगस्ट २०२६ मा उक्त बोर्ड समक्ष विशेष आर्थिक सहयोगका लागि आग्रह गरेको थियो। सोही आग्रह बमोजिम १२ अक्टोबर २०२६ मा बसेको बोर्डको विशेष बैठकले नेपाललाई क्षतिपूर्ति अनुदान उपलब्ध गराउने निर्णय गरेको परराष्ट्र मन्त्रालयले शुक्रबार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ।

यसैगरी ९ देखि २० नोभेम्बर २०२६ सम्म टर्कीको अन्तालियामा आयोजना हुने विश्व जलवायु सम्मेलन (कोप-३१) मा नेपालको उच्चस्तरीय सहभागिता रहने मन्त्रालयले जनाएको छ । सम्मेलनका लागि आवश्यक तयारी तीव्रताका साथ अगाडि बढाइएको छ।

कोप-३१ का क्रममा नेपाल र दक्षिण कोरियाबिच जलवायु परिवर्तन सम्बन्धी सहकार्यका लागि फ्रेमवर्क एग्रिमेन्ट फर को-अप्रेसन अन क्लाइमेट चेन्जमा हस्ताक्षर गर्ने गरी आन्तरिक गृहकार्य भइरहेको मन्त्रालयले जनाएको छ।

मौसमजन्य स्वास्थ्य समस्याबाट सुरक्षित बनौं

- नियमित रुपमा साबुन पानीले हात धुने बानी बसालौं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना खाऔं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कर्णालीका १९ रुग्ण आयोजना अलपत्र पार्ने निर्माण व्यवसायीप्रति सरकार कठोर

❑ कांक्रेविहार संवाददाता
सुर्खेत, १३ कात्तिक

वर्षौंदेखि ठेक्का सम्झौता गरेर पनि विकास निर्माणका आयोजना अलपत्र पार्ने निर्माण व्यवसायीप्रति कर्णाली प्रदेश सरकार कठोर बन्ने भएको छ। काममा ढिलासुस्ती गर्ने र जिम्मेवारीबाट पन्छिने निर्माण व्यवसायीलाई अब कुनै पनि बहानामा उन्मुक्ति नदिने सरकारको तयारी छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा शुक्रबार निर्माण व्यवसायी र सरकारी पक्षबीच भएको समीक्षा बैठकमा रुग्ण आयोजनालाई समयमै सम्पन्न गराउन कडा कदम चाल्ने विषयमा छलफल भएको हो। मन्त्रालयका अनुसार कर्णाली प्रदेशका आठ जिल्लामा १९ वटा रुग्ण आयोजना छन्। तीमध्ये कतिपय आयोजनाको भौतिक

बाँकी पृष्ठ ४

विश्वको सर्वोच्च शिखर सूचीमा नेपालका थप छ हिमाल समेट्न प्रस्ताव

❑ कांक्रेविहार संवाददाता
काठमाडौं, १३, कात्तिक

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्ग राज पौडेल 'गनेस' ले विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको अन्तर्राष्ट्रिय सूचीमा नेपालका थप ६ हिमाललाई छुट्टै हिमालका रूपमा सूचीकृत गराउन पहल अघि बढाएका छन्। नेपाल पर्वतारोहण संघ (एनएमए) मार्फत विश्व पर्वतारोहण तथा आरोहण महासंघ (यूआईएए) को सन् २०२६ को साधारणसभामा मन्त्री पौडेलले उक्त प्रस्ताव अघि सारेका हुन्।

काठमाडौंमा शुक्रबारदेखि सुरु भएको यूआईएएको साधारणसभा शनिबार समापन हुनेछ। मन्त्री पौडेलका अनुसार नेपालले यालुङ काङ, कञ्चनजङ्घा दक्षिण, कञ्चनजङ्घा मध्य, ल्होत्से मध्य, ल्होत्से शार र यालुङ काङ पश्चिमलाई छुट्टै आठ हजार मिटरभन्दा अग्ला हिमालका रूपमा अन्तर्राष्ट्रिय मान्यता दिन प्रस्ताव गरेको छ।

प्रस्तावित हिमालमध्ये यालुङ काङ आठ हजार पाँच सय पाँच मिटर, कञ्चनजङ्घा दक्षिण आठ हजार चार सय ७६ मिटर, कञ्चनजङ्घा मध्य आठ हजार चार सय ७३ मिटर, ल्होत्से मध्य आठ हजार चार सय १० मिटर, ल्होत्से शार आठ हजार चार सय मिटर र यालुङ काङ पश्चिम आठ हजार ७७ मिटर अग्ला छन्।

नेपालको प्रस्तावले अन्तर्राष्ट्रिय मान्यता पाएमा विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमालको संख्या हालको १४ बाट बढेर २० पुग्नेछ। त्यस्तै, नेपालमा मात्र आठ हजार मिटरभन्दा अग्ला हिमालको संख्या आठबाट बढेर १४ पुग्नेछ। यससँगै विश्वका २० अग्ला हिमालमध्ये १४ वटा नेपालमा रहेको ऐतिहासिक पहिचान स्थापित हुनेछ।

नेपाल पर्वतारोहण संघको आतिथ्यमा भइरहेको सम्मेलनमा विश्वका विभिन्न देशका पर्वतारोहण महासंघका प्रतिनिधि, विज्ञ तथा सरोकारवालाहरू सहभागी छन्।

कथा

विवाह जो सरिरहेको छ

किशोरावस्थामा प्रवेश गर्दागर्दै सारिकालाई लाग्न थाल्यो, महिलाको जीवनमा पाइला-पाइलामा काँडा छन् । घरपरिवार, स्कूल, छरछिमेक, बाटोघाटो र सामाजिक परिवेशमा महिलाप्रति गरिने व्यवहार पुरुषप्रतिको व्यवहारभन्दा फरक थियो । सारिका यो भिन्नता देखिरहेकी र भोगिरहेकी थिई ।

स्कूलबाट साँझ नपर्दै घर आइपुग्नुपर्ने, घरको काममा आमालाई सघाउनुपर्ने र कतै जानुपर्दा बुबाआमाको अनुमति लिनुपर्ने नियम उसका भाइहरू अजय र सम्राटलाई लागू हुँदैनथ्यो । उनीहरूलाई सबै छुट थियो ।

कहिलेकाहीँ सारिका आमासँग लाडिँदै सोध्थी, “मम्मी, मलाई र भाइहरूलाई किन फरक-फरक मापदण्ड? म र भाइहरूमा के फरक छ र?”

“तिमी छोरी हौ नि! पछि तिम्रो विवाह हुन्छ । अर्काको घर सम्हाल्नुपर्छ । भाइहरूजस्तै भएर हिँड्यौ भने मान्छेले कुरा काट्छन् । तिम्रो विवाह गर्न गाह्रो हुन्छ, छोरी ।”

आमाका वात्सल्यपूर्ण औँलाहरू सारिकाको कपाल सुमसुम्याउँथे ।

कक्षा बाह्र पास गरेपछि घरबाट टाढाको कलेजमा गएर सूचना प्रविधि पढ्ने सारिकाको इच्छा थियो । तर बुबाले घरबाट आउजाउ गर्न सकिने कलेजमा उसलाई बी.एस्सी. पढ्न भर्ना गरिदिए । त्यसको अर्को वर्ष उसको ठूलो भाइ इन्जिनियरिङ पढ्न घरबाट निकै टाढा गयो । फेरि उसले छोरी हुनुको विभेद भोग्नुपर्‍यो । यसलाई विभेद भनूँ वा नियति!

प्रथम वर्षको परीक्षा सकेर फुर्सदिला दिनमा सारिकाले केही साहित्यिक र नारीवादी पुस्तक पढी । सानैदेखिको उसको साहित्यप्रतिको रुचि झन् बढ्दै थियो । राधा, रामायण, गौरी, मुनामदन र तरुणतपसी उसले स्कूल पढ्दादेखि नै पढेकी थिई । रामायण त भाका हालेर बुबाआमालाई सुनाउने पनि गर्थी । यसैबीच सारिकाको विवाहको कुरा चल्न थाल्यो । विवाह भएमा पढाइ र भविष्य दुवै अन्धकार हुने उसलाई लाग्यो । कम्तीमा बी.एस्सी. सकेर जागिर खान थालेपछि मात्र विवाह गर्नुपर्छ भन्ने उसको सोच थियो ।

आजसम्मको भोगाइले उसलाई सिकाएको थियो– जति सहनशील र डरपोक भइन्छ, त्यति नै प्रतिकूल र अनिच्छित निर्णयहरू जीवनमा थोपिँदै जान्छन् । त्यसपछि जीवन फुटबलजस्तै बन्छ, जो गुडिरहन्छ तर त्यसको दिशा र गति अरूले नै तय गर्छन् । विवाह पनि शिक्षा, पेसा वा घर बनाउने जस्ता सहज परिवर्तनको विषय होइन ।

बुबाआमाको विवाहको प्रस्ताव र आफ्नो पढाइबीच छनोट गर्नुपर्ने भएपछि सारिका प्रतिवाद गर्ने अठोटमा पुगी । एक दिन उसले भनी, “मेरो इच्छा स्नातकोत्तरसम्म पढ्ने हो । तपाईंहरू पढाउनुहुन्छ भने पढ्छु । होइन भने पनि बी.एस्सी. गरेर जागिर नखाई म विवाह गर्न चाहन्नँ । भोलि दुःख पाएँ भने तपाईंहरूको पनि त मन रुन्छ होला नि! दुई-तीन वर्षपछि विवाह गर्दैमा के फरक पर्छ र?”

“हैन छोरी, अस्ति तिमीलाई हेर्न आएको केटा जागिरे छ । सानो परिवार छ, शहरमा घर छ । राम्रो केटा पाउन सजिलो छैन । फेरि, हामी पनि आफ्नो सास रहँदै तिम्रो विवाह गरिदिन पाए हुन्थ्यो भन्ने चाहन्छौँ,” बुबाले सम्झाए ।

बुबाको सम्झाउने प्रयासले सारिकालाई लाग्यो, अब एकअर्कालाई बुझ्ने-बुझाउने समय सकिन लाग्यो । यो क्षणमा दृढ हुन नसके उसको अगाडिको यात्रा हिउँले पुरिएर बन्द भएको बाटोजस्तै हुनेछ ।

उसले भनी, “बुवा, पढाइ सकेर जागिर नखाएसम्म विवाह गर्न कर नगर्नुहोस् । छोरीको यति सानो इच्छा पनि पूरा गरिदिनुहुन्न?”

दृढ हुन खोज्दाखोज्दै पनि सारिकाका आँखा रसाइसकेका थिए । विद्रोहको ज्वालामुखी ओकलूँलाजस्तो भएको उसको मन क्षणभरमै कमजोर भयो । भावावेशले गला अवरुद्ध भयो । शब्द निस्केनन् । अनपेक्षित परिस्थितिले वातावरण बोझिलो बनायो । सारिकाका आँसु भरिएका आँखा र अवरुद्ध गलाले बुबाको मन पनि भारी भयो । आमा छोरीको नजिक आइन् र कपाल सुमसुम्याउँदै भनिन्, “भइहाल्यो नि त! छोरीको इच्छा छैन भने उसको लक्ष्य पूरा भएपछि विवाह गरौँला । आफ्नै खुट्टामा उभिन सकेपछि उसको जीवन सुखी हुन्छ । विवाह गरेर गएको घरमा पनि बेग्लै इज्जत हुन्छ, त्यहीअनुसार व्यवहार हुन्छ । पढ्न नपाएकाले मैले यो घरमा वर्षौँसम्म कति बुहार्तन सहनुपर्‍यो!”

जीवनमा दूरगामी प्रभाव पार्ने घटनामध्ये सारिकाको चाहना र निर्णय पहिलोपटक स्वीकार गरिनु पनि एउटा महत्त्वपूर्ण घटना थियो । यसले उसलाई ठूलो सन्तुष्टि र खुशी दियो । उसलाई लाग्यो, आफ्नो निर्णय आफैँ गर्नुपर्छ, अरूको जिम्मामा छोड्नु हुँदैन । त्यसो गर्न सके निर्णयको परिणामप्रति आफैँ जिम्मेवार हुन सकिन्छ । सफलता वा असफलता दुवैलाई सहज रूपमा स्वीकार्न र अर्को लक्ष्य बनाएर अघि बढ्न सकिन्छ । आफूप्रतिको आत्मविश्वास र लक्ष्यप्रतिको लगनशीलता सारिकामा झन् बढ्दै गयो ।

अध्ययन, विवाह र जागिरबीचको द्वन्द्वसँग जुध्दै उसले तत्कालका लागि आफ्नो लक्ष्य हासिल गरी । एक वर्षभित्रै बी.एस्सी. विज्ञानमा प्रथम श्रेणीमा उत्तीर्ण भएर शिक्षक सेवामा स्थायी नियुक्ति पाई । उसका बुबाआमा यही समयको व्यग्र प्रतीक्षामा थिए । फेरि विवाहको प्रसङ्ग चल्न थाल्यो र चिना हेराउने क्रम पनि सुरु भयो ।

सारिका मानसिक रूपमा विवाहका लागि तयार थिई । तर उसले एम.एस्सी. रसायन विज्ञान पढ्न छात्रवृत्ति पाएकी थिई । त्यसैले बिहान पढ्ने र दिउँसो स्कूलमा पढाउने काम सँगसँगै अघि बढाइरहेकी थिई ।

उसलाई लाग्थ्यो, मेहनत, लगनशीलता र दृढ आत्मविश्वासले सफलता प्राप्त गर्न सकिन्छ र लक्ष्य हासिल गर्न सकिन्छ । सफलता पनि अनौठो हुन्छ । नपाउँदासम्म के हो, कहाँ हो जस्तो लाग्छ; पाएपछि फेरि अर्को सफलता हासिल गर्ने हुटहुटी चल्न थाल्छ ।

सारिकाको जीवनमा विवाहको कुरा चल्ने, टुट्ने र फेरि अर्कोसँग कुरा अघि बढ्ने क्रम चलिरह्यो ।

सारिका कहिलेकाहीँ सोच्थी– विवाहको क्रममा दुवै पक्षले एकअर्काबारे अप्रत्यक्ष रूपमा जानकारी लिन्छन् । उपयुक्त लागे भेटघाट हुन्छ र निष्कर्षमा पुगिन्छ । तर जीवनको सबैभन्दा महत्त्वपूर्ण निर्णय लिन यति नै पर्याप्त छ त?

एकअर्काको बानीबेहोरा, चालचलन, रुचि र भिन्नतालाई सहज रूपमा स्वीकार गर्दै माया र स्नेहको दियो निरन्तर बाल्न सकिन्छ कि सकिँदैन भन्ने कसरी थाहा हुन्छ? बाहिरी व्यवहार र क्षणिक औपचारिकतामा त जोसुकैले पनि शिष्टता र नम्रता देखाउन सक्छ । एक हिसाबले विवाहको निर्णय जुवाको खालमा च्याँखे दाउ थापेजस्तै रहेछ । दाउ आफ्नो पक्षमा परे गुलियो मिठाई, नत्र नीमपत्ताको रस!

सारिका परम्परागत मागी विवाहको विकल्पबारे पनि सोच्थी । प्रेम विवाह पनि कहाँ सजिलो छ र! नेपाली समाजमा प्रेम विवाह तुलनात्मक रूपमा कम सफल हुन्छ भन्ने सुनिन्थ्यो । जति सोचे पनि उसले विवाहका अन्य विकल्प भेट्टाउँदिनथी ।

अनिश्चितता र भयको डोरीमा झुल्दाझुल्दै सारिकाले जागिर सुरु गरेको पनि दुई वर्ष भयो । उसले एम.एस्सी.को परीक्षा दिइसकेकी थिई ।

केटा हेर्ने क्रममा एकान्तमा भेटघाटको अवसर दिइँदा सारिका चार वर्षअघिको तुलनामा निकै स्पष्ट रूपमा आफ्ना कुरा राख्थी । पहिले ऊ लजाउँथी र अप्ठ्यारो मान्दै सोधिएका प्रश्नको छोटो उत्तर दिन्थी । आफूले केटालाई के सोध्नुपर्छ भन्ने पनि उसलाई थाहा हुँदैनथ्यो ।

तर अब परिस्थिति फेरिएको थियो । आफूलाई हेर्न आउने केटाहरू र तिनका आमाबुबासँग सारिका समान हैसियतमा प्रस्तुत हुन्थी । केटापक्षका कतिपय अभिभावक र आफन्तलाई उसको यो व्यवहार स्वीकार्य हुँदैनथ्यो । त्यसैले विवाहको कुरा निष्कर्षमा पुग्दैनथ्यो ।

तर सारिका आफ्नो अडान र प्रस्तुतिमा परिवर्तन गर्न चाहन्नथी । किनकि निरन्तर प्रतिकूलतासँग जुध्दै उसले आफ्नो स्वाभिमान र स्वतन्त्र अस्तित्व बनाएकी थिई ।

जीवनको सबैभन्दा मूल्यवान् प्राप्तिलाई अर्को महत्त्वपूर्ण प्राप्तिसँग साट्न पनि ऊ चाहन्नथी । आफ्नो स्वतन्त्र अस्तित्व र स्वाभिमानसँग सम्झौता नगरी आफूलाई सम्मान गर्ने र वास्तविक जीवनसाथीका रूपमा स्वीकार गर्ने व्यक्ति कतै न कतै भेटिएला भन्ने उसलाई विश्वास थियो ।

आत्मसम्मान र स्वतन्त्र अस्तित्वको मूल्य चुकाएर विवाह गर्नुभन्दा विवाह नगर्नु नै सुखद हुन्छ भन्ने निष्कर्षमा सारिका पुगेकी थिई ।

कविता

जहाँ धन त्यहीँ मन

केशव ढोड्जना

क्षणिक छ मानिसको जीवन
चालै नदिई ढल्छ यो तन
खोजी गरौँ मूल सत्य धन
पन्छाई फालौँ भ्रमित कथन ।

कुन कुरालाई मान्ने धन
मान्छेको मनमा के छ सघन
मनले जेलाई दिन्छ वजन
त्यही बन्दिन्छ उसको इष्टधन ।

के होला त्यो सत् धन
जेबाट बन्छ शान्त मन
वस्तु धन, विचार धन, व्यक्ति धन
के होला सन्तुष्टि दिने धन ?

वस्तु धन सिद्धिन्छ एक दिन
खिया लाग्छ, कीराको भोजन
चोरीमा पर्छ, हराउँछ त्यो धन
रहन्छ केवल शोक र जलन ।

विचार धन हुन्छ परिवर्तन
ज्ञानवृद्धिसँगै फेरिन्छ दर्शन
आजको विचार भोलि पर्छ पुरातन
बेमोलको बन्छ सबै विचार धन ।

व्यक्ति धन सम्बन्धमा जडान
शान्तिको स्रोत, संवादको मुहान
तर मानवीय संवादमा भित्रिन्छ थकान
कहाँ छ अनन्त सम्बन्धको व्यक्ति धन ?

मित्रको मनको के हो त्यो धन
के कुरालाई मनले गर्छ सदैव मनन
इष्टधनले पाउँछ मनको जतन
जहाँ धन त्यहीँ रहन्छ मन ।

मानिसको ठहरको छनोट हो धन
कुन कुराको चाहमा मन हुन्छ मगन
राम्ररी सोचेर गरौँ धनको चयन
त्यही धनको ध्याउन्नमा बित्नेछ जीवन ।

जीवन छोटो छ, झट्टै गर्नुछ चयन
कुन कुरालाई मान्ने हो आफ्नो धन
चालै नदिई यो तनको हुन्छ निधन
शरीर छँदै गर्नुपर्छ अटल धन आर्जन ।

अनादि-अनन्त त केवल ईश छन्
हृदय, विवेक, आत्मामा संवाद गर्छन्
मानव र जगमा पवित्र प्रेम भर्छन्
ईशसितको सम्बन्ध ठहर्छ अनन्त धन ।

ईश अनन्त छन्, सर्वज्ञानी छन्
जीवनदायी सृष्टिकर्ताको सिद्ध सत्य वचन
उनको शिक्षा-सुझावमा मिल्छ सत्य धन
उनमा समर्पित मन नै शान्तिको जीवन ।

लघु कथा

झण्डा र जुक्ति

भदौ महिनाको अन्तिम हप्ता । घाम रापिलो थियो । पिठ्युँमा पुस्तकको झोला र हातमा गुलाबका फूल बोकेर स्कुल-कलेजका बालबालिका सडकमा उत्रिए । उनीहरू सडकमा

आउनुको मुख्य दुईवटा माग थिए- सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाइयोस् र देशमा सुशासन कायम होस् । तर, राज्यले ती अबोध हातहरूमा गुलाबको सट्टा पानीको

फोहरा, अश्रुग्यास, लाठी र अन्धाधुन्ध गोली बर्सायो । सडकमा रगतको आहाल बग्यो । ७७ जना कलिला नानीहरूको ज्यान गयो ।

सडकमा साथीहरू ढलेको, सँगै गएका साथीहरू लास बनेर लडेको देखेर बालबालिकाहरू विक्षिप्त बने । तर, उनीहरूले थाहा पाइसकेका थिए- आन्दोलन उनीहरूको हातबाट पहिल्यै फुत्किसकेको थियो ।

भोलिपल्ट सडकमा अर्कै दृश्य थियो । राष्ट्रिय झण्डा ओढेर उन्मादमा आएकाहरूले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका–राज्यका तीनवटै अङ्गमा आगो झोसे । योजनाबद्ध रूपमा उत्रिएका हुलले नेताहरूका, व्यापारीका र व्यवसायीका घर छानी-छानी जलाउन थाले ।

सिंहदरबारभित्र मन्त्रालयको पहिलो तल्लामा बसेर काम गरिरहेका मन्त्रीका पीए सातो जाने गरी काँपे । बाहिरको दन्किँदो आगो र नाराबाजीले अब आफ्नो पनि पालो आयो भन्नेमा उनी निश्चित भए । तर, पीए बडा जुक्ति मान ! उनी हतार-हतार पहिलो तल्लाबाट कुदेर तेस्रो तल्लास्थित मन्त्रीको कार्यकक्षमा पुगे । कार्यकक्षमा भएकोमध्ये सबैभन्दा ठूलो राष्ट्रिय झण्डा काँधमा भिरे अनि खुर्रर तल दौडिए ।

झण्डा ओढेर सिंहदरबार जलाउन आएका भीडको अघिल्लो पङ्क्तिमा मिसिँदै छाती फुलाएर नारा लगाए, “जेन्जी आन्दोलन जिन्दाबाद !” प्रदर्शनकारीहरूकै बोलीमा बोली मिलाएपछि क्षण भरमै उनी पनि ‘जेन्जी आन्दोलनकारी’ बने । भीडले उनलाई चिन्नै सकेन । उनी सुटुक्क सिंहदरबारको मुख्य ढोकाबाट ज्यान जोगाएर बाहिर निस्किए ।

समय बदलियो । आन्दोलनको राप सेलायो, नयाँ सरकार बन्यो । हिजो सिंहदरबार जलाउने भीडमा मिसिएर ज्यान जोगाउने तिनै पुराना मन्त्रीका जुक्ति मान पीए आज फेरि नयाँ मन्त्रीका विश्वासपात्र बने तर मारिरहेका छन् ! चिन्नेहरू ती पीएलाई व्यङ्ग्य गर्छन्, “वारे वा ! नयाँ-पुराना दुवैलाई रिझाउन माहिर !” अनि ती पीए जेन्जी आन्दोलनका बेला काँधमा राष्ट्रिय झण्डा ओढेर घाँटी फुट्ने गरी नारा लगाएको तस्बिर मोबाइलको स्क्रिनमा देखाउँछन् ।

व्यङ्ग्य गर्नेहरूको मुखमा बुझो लाग्छ, अनुहार रातो हुन्छ । फोटो न हो, देखिएको कुरा न भन्छ । फोटोभित्रको कथा त कसरी भन्छ ?

बिनापुर्जी पत्रकार पक्राउ गरिएकोमा प्रेस काउन्सिलको आपत्ति

कााँक्रेविहार संवाददाता
काठमाडौं, १३ कात्तिक

सञ्चारमाध्यमको समाचार कक्षमै प्रवेश गरी सादा पोशाकका प्रहरीले पत्रकारलाई नियन्त्रणमा लिएको घटनाप्रति प्रेस काउन्सिल नेपालले आपत्ति जनाएको छ।

अदालतको अनुमतिसमेत नलिएको अवस्थामा पत्रकारलाई नियन्त्रणमा लिनु गम्भीर आपत्तिको विषय भएको काउन्सीलले जनाएको छ।

काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले विज्ञप्ति जारी गर्दै घटनाबारे ध्यानाकर्षण भएकोजनाएका छन्।

विज्ञप्तिमा पक्राउको स्पष्ट कारण नखुलाइएको, पक्राउ पुर्जी नदेखाइएको र अदालतको अनुमतिसमेत नलिएको अवस्थामा पत्रकारलाई नियन्त्रणमा लिनु गम्भीर आपत्तिको विषय भएको उल्लेख छ।

'लगातार दुई दिन सार्वजनिक बिदा पर्नुअघि यसरी पत्रकारलाई नियन्त्रणमा लिनु गम्भीर आपत्तिको विषय हो,' विज्ञप्तिमा भनिएको छ,' यस घटनाले प्रेस स्वतन्त्रता र पत्रकारको व्यावसायिक सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ।'

काउन्सिलले सञ्चारमाध्यममा प्रकाशित समाचार सामग्रीप्रति असहमति वा आचारसंहिता सम्बन्धी उजुरी भएमा त्यसको छानबिन र निरूपण गर्ने कानुनी जिम्मेवारी प्रेस काउन्सिलको भएको सरकार र प्रहरी प्रशासनलाई स्मरण गराएको छ।

समाचारकै विषयलाई लिएर सिधै प्रहरी परिचालन गर्नुको सट्टा काउन्सिलको स्थापित विधि र प्रक्रियामार्फत समाधान खोज्न सम्बद्ध सबै पक्षलाई आग्रह गरिएको छ।

काउन्सिलले नियन्त्रणमा लिइएका पत्रकारको अवस्था र पक्राउको कानुनी आधार तत्काल सार्वजनिक गर्न माग गरेको छ। यदि कानुनी आधारबिना नै नियन्त्रणमा राखिएको भए उनीहरूलाई तत्काल रिहा गर्नसमेत जोडदार माग गरिएको छ।

विज्ञप्तिको अन्त्यमा काउन्सिलले पत्रकार तथा सञ्चारमाध्यमहरूलाई पनि सत्यतथ्यमा आधारित रहेर पत्रकार आचारसंहिताको पूर्ण पालना गर्न अनुरोध गर्दै प्रेस स्वतन्त्रताको संरक्षण र मर्यादित पत्रकारिताको संवर्द्धनका लागि आफू सदैव प्रतिबद्ध रहेको स्पष्ट पारेको छ।

आफ्नै निवासमा कानुनी पृष्ठभूमिका सांसद र नेतासँग छलफलमा सभापति लामिछाने

कााँक्रेविहार संवाददाता
काठमाडौं,१३ कात्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने कानुनी पृष्ठभूमि भएका पार्टीका सांसदसहितका नेतासँगको छलफलमा जुटेका छन्।

रास्वपाका एक नेताका अनुसार पछिल्लो समय देखिएका न्यायाधीश प्रकरणसहितका विषयमा छलफल गर्न रविले ती सांसद र नेताहरूलाई बोलाएका हुन्।

छलफलमा कानुनमन्त्रीसमेत रहेकी सोविता गौतम, सांसद यज्ञमणि न्यौपानेसहितका नेता सहभागी भएको बुझिएको छ। पछिल्ला केही दिनयता बिचौलिया इनम सापकोटाले सर्वोच्च अदालतका केही न्यायाधीशसँग गरेको संवाद बाहिरिएको थियो।

सापकोटाले प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन'को समेत नाम लिएर न्यायाधीशहरूसँग भेटघाट गरेका थिए।

प्रधानन्यायाधीश मनोजकुमार शर्मासमेत विवादमा आएपछि सभापति लामिछाने आन्तरिक संवादमा जुटेका हुन्।

उनले गत बुधबार प्रधानमन्त्री शाहसँग निवासमै घण्टौं छलफल गरेका थिए। बिहीबार उनले सभामुख डीपी अर्यालसँग भेट गरेका थिए।

विवादमा आएका न्यायाधीशको विषयमा महाअभियोगमा गए कसरी जाने भन्नेमा रास्वपामा छलफल भएको बुझिएको छ।

सर्वोच्च अदालतका न्यायाधीश हरि फुयाँलले आफूसहित धेरै न्यायाधीशले बिचौलिया सापकोटासँग भेटेको अन्तर्वार्ता दिइरहेका छन्। उनले आफूले प्रधानमन्त्री कार्यालयलाई जानकारी गराएपछि उनी पक्राउ परेको दाबी फुयाँलले गरेका छन्।

काठमाडौंको ३०२ रोपनी जग्गा नेपाल सरकारको नाममा ल्याइयो

कााँक्रेविहार संवाददाता
काठमाडौं, १३ कात्तिक

सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन, २०५२ कार्यान्वयन गर्ने क्रममा काठमाडौं महानगरपालिका वडा नं ४, ५, ८, ९, १०, १२ र २९ को ३०२ रोपनी जग्गा नेपाल सरकारको नाममा ल्याइएको छ। रावल आयोगको प्रतिवेदनमा सरकारी तथा सार्वजनिक जग्गाका रूपमा औंल्याइएका जग्गा संरक्षण तथा सरकारको नाममा कायम गर्ने निर्णयअनुसार भूमि प्रशासन कार्यालय डिल्लीबजारले काठमाडौं महानगरपालिकाको ७ वटा वडाको ३०२ रोपनी जग्गाको सम्बन्धमा रावल आयोगको प्रतिवेदनअनुसारको क्षेत्रफल कट्टा गरी नेपाल सरकारको नाममा ल्याइएको हो।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गठन गरेको प्रतिवेदन कार्यान्वयन समितिले प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको उल्लेख गरिएका कित्ताबाट अतिक्रमित भनिएको क्षेत्रफल एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा ल्याउने कार्य सुरु गरेको छ। प्रतिवेदन कार्यान्वयनका लागि प्रमुख नापी अधिकृत रमेश ज्ञवालीको संयोजकत्वमा समिति गठन गरिएको छ। समितिमा गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव, सम्बन्धित भूमिप्रशासन तथा नापी कार्यालयका प्रमुख, स्थानीय तह समन्वय शाखा प्रमुख, भूमि व्यवस्थापन तथा अभिलेख विभागका शाखा अधिकृत तथा नापी विभागका नापी अधिकृत सदस्यसचिव रहेका छन्। रावल आयोगले २०५२ सालमा सरकारी तथा सार्वजनिक जग्गाको अवस्था अध्ययन गरी अतिक्रमित तथा व्यक्तिका नाममा दर्ता भएका सरकारी एवं सार्वजनिक जग्गा संरक्षण गर्न सुझावसहित प्रतिवेदन दिएको थियो। सोही प्रतिवेदनलाई मन्त्रालयले लामो समयपछि कार्यान्वयनमा ल्याउँदै सरकारी तथा सार्वजनिक जग्गा सरकारको नाममा ल्याउने कार्य सुरु गरेको हो। सरकारले रावल आयोगले औंल्याएको सम्पूर्ण जग्गा छानबीन गरी सरकारको नाममा ल्याउने कार्य सुरु गरी सकेको छ।

गृह मन्त्रालयले गर्‍यो एन-प्याब्सनलाई निलम्बन

कााँक्रेविहार संवाददाता
काठमाडौं, १३ कात्तिक

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल (एन-प्याब्सन) निलम्बनमा परेको छ। गृह मन्त्रालयले एन-प्याब्सनलाई अर्को निर्णय नभएसम्मका लागि निलम्बन गरेको सूचना जारी गरेको छ।

एन-प्याब्सनले मन्त्रालयबाट दिइएको निर्देशन बारम्बार पालना नगर्नुका साथै संगठनका पदाधिकारीहरूले सरकारले स्वीकृत गरेको विधान तथा संगठनको मूल उद्देश्यभन्दा विपरीतका कार्यहरूसमेत गरेको भन्दै अर्को निर्णय नभएसम्मका लागि निलम्बन गरिएको मन्त्रालयले सूचनामा उल्लेख गरेको छ।

मन्त्रालयका अनुसार एन-प्याब्सनले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ५ बमोजिम मन्त्रालयबाट जारी गरिएका निर्देशनहरू बारम्बार पालना नगरेको पाइएको छ।

यस विषयमा मन्त्रालयले गएको २३ असोजमा सम्बन्धित सरोकारवालासँग छलफलसमेत गरेको थियो। छलफलमा राष्ट्रिय निर्देशन ऐन, २०१८ तथा मन्त्रालयले १२ मंसिर २०८२ मा जारी गरेको निर्देशनबमोजिमका कार्य गर्न आग्रह गरिएको भए पनि त्यसको पालना नभएको गृह मन्त्रालयको भनाइ छ। मन्त्रालयको यो निर्णयसँगै संस्थाको नाममा कुनै पनि समूह वा गुटबाट गरिने गतिविधि गैरकानुनी हुने भन्दै त्यस्ता गतिविधिमा संलग्न भए प्रचलित कानुनबमोजिम कारबाही गरिनेसमेत मन्त्रालयले जनाएको छ।

देउवा समूहको महाधिवेशन पनि खुलामञ्चमै

कााँक्रेविहार संवाददाता
काठमाडौं, १३ कात्तिक

नेपाली कांग्रेसको पूर्वसभापति शेरबहादुर देउवा समूहले पार्टीको समानान्तर महाधिवेशन खुलामञ्चमा गर्ने भएको छ। महाधिवेशनका लागि काठमाडौं महानगरपालिकासँग राष्ट्रिय सभा गृह र भृकुटीमण्डप पनि मागेर पत्राचार गरिएको महाधिवेशन आयोजक समितिका संयोजक डा. शशांक कोइरालाका स्वकीय सचिव भरत तिवारीले जानकारी दिए।

समूहले आगामी मंसिर २१ देखि २३ मंसिरसम्मका लागि महाधिवेशनको मिति तय गरेको छ। अहिले समूहले प्रतिनिधि सभा क्षेत्र र जिल्ला अधिवेशन गरिरहेको छ। महाधिवेशनमा ६ हजारभन्दा बढी प्रतिनिधि सहभागी हुने बताइन्छ।

यसअघि कांग्रेस संस्थापनले पनि १५ औं महाधिवेशन खुलामञ्चमा गरेको थियो। नयाँ कार्यसमिति छान्ने निर्वाचन राष्ट्रिय सभागृहमा गरिएको थियो भने खानाका लागि भृकुटीमण्डप प्रयोग गरिएको थियो।

तिवारीका अनुसार महाधिवेशनको स्थान माग गर्दै लेखिएको पत्र लगेर सम्पर्क कार्यालय चुनदेवीका कर्मचारी अमृत कार्की महानगरपालिकाको कार्यालयमा बिहीबार पुगेका थिए। महानगरले महाधिवेशनका लागि अनुमति दिएको समूहको निर्वाचन समितिका संयोजक अधिवक्ता एगराज पोखरेलले जानकारी दिए।

समूहले महाधिवेशनका लागि खुलामञ्च, राष्ट्रियसभा गृह र भृकुटीमण्डपको बगैंचा महाधिवेशनका लागि बुक गरेको हो।

उनका अनुसार महाधिवेशन उद्घाटन र बन्दसत्र खुलामञ्चमा हुनेछ मतदानको लागि सभागृह र खानाको लागि भृकुटीमण्डपको बगैंचा प्रयोग गर्नका लागि बुक गरिएको नेता डा. प्रकाशशरण महतले जानकारी दिए।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

कर्णालीका...

प्रगति शून्य छ भने कतिपयको काम निकै न्यून मात्र अघि बढेको छ। लामो समयदेखि आयोजना अलपत्र पर्दा प्रदेशको विकास निर्माण प्रभावित हुनुका साथै पुँजीगत खर्चसमेत कमजोर बनेको सरकारको निष्कर्ष छ। बैठकमा मुख्यमन्त्री मङ्गल बहादुर शाहीले काम सम्पन्न गर्ने ठोस आधार र स्पष्ट प्रतिबद्धता नआएसम्म अलपत्र आयोजनाको म्याद थप गर्न नसकिने बताए। निर्माण व्यवसायीले काम सम्पन्न गर्ने कार्ययोजना प्रस्तुत गर्नुको सट्टा म्याद थप नभएसम्म काम गर्न नसक्ने भन्दै पन्छिन खोजेकोप्रति उनले असन्तुष्टि जनाए।

"व्यवसायीहरू जिम्मेवार नबन्ने हो भने अब सरकार निर्मम बन्न बाध्य हुनेछ," मुख्यमन्त्री शाहीले भने, "रुग्ण योजनाहरूलाई जसरी भए पनि पार लगाउनु सरकारको मुख्य दायित्व हो। त्यसैले अब कुनै पनि बहानामा ढिलासुस्ती सह्य हुँदैन।" भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री मिलन खड्का रोकाले पनि रुग्ण आयोजनाका समस्या समाधान गरी निर्माण कार्यलाई तीव्रता दिन निर्माण व्यवसायी र मातहतका कार्यालय प्रमुखलाई निर्देशन दिइन्। निर्माण कार्यमा देखिएका व्यावहारिक तथा प्राविधिक समस्या पहिचान गरेर समाधान गर्न मन्त्रालय तयार रहेको उनको भनाइ थियो। "व्यवसायीका वास्तविक र प्राविधिक समस्या सुन्न हामी सकारात्मक छौँ, तर कामै रोकेर बस्न पाइँदैन," मन्त्री रोकाले भनिन्, "काममा केही अवरोध भए सम्बन्धित जिल्ला कार्यालय र मन्त्रालयमा आएर स्पष्ट छलफल गर्नुहोस्, तर फिल्डमा कामको गति तत्काल बढाउनुहोस्।" बैठकमा निर्माण कार्य तत्काल सुरु नगर्ने तथा सम्झौताअनुसार जिम्मेवारी पूरा नगर्ने व्यवसायीमाथि कानुनबमोजिम कारबाही अघि बढाउने चेतावनीसमेत दिइएको छ। त्यसका लागि ठेक्का सम्झौता रद्द गर्ने, धरौटी जफत गर्ने र निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने प्रक्रियासम्म अघि बढाउन सकिने मन्त्रालयले जनाएको छ। रुग्ण आयोजनालाई निकास दिन मन्त्रालयले नियमित अनुगमनलाई तीव्र बनाउने र छुट्टै कार्यतालिका बनाएर काम अघि बढाउने तयारी गरेको छ। सरकारले निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न स्पष्ट समयसीमा र कार्ययोजना प्रस्तुत गर्न आग्रह गर्दै आयोजना अलपत्र पार्ने प्रवृत्तिविरुद्ध कडा नीति अपनाउने संकेत गरेको छ।

सबैभन्दा...

१५.०३ प्रतिशत खर्च गरेको छ।

प्रदेश व्यवस्थापिकाले १४ करोड ७१ लाख १० हजार रुपैयाँमध्ये दुई करोड ३० लाख ५९ हजार रुपैयाँ खर्च गरेको छ। यो १५.६७ प्रतिशत हो। प्रदेश लोक सेवा आयोगले १० करोड ५४ लाख चार हजार रुपैयाँमध्ये एक करोड २४ लाख २१ हजार रुपैयाँ अर्थात् ११.७८ प्रतिशत खर्च गरेको छ। त्यस्तै, मुख्य न्यायाधिवक्ताको कार्यालयले दुई करोड सात लाख ९० हजार रुपैयाँ बजेटमध्ये ३३ लाख ९० हजार रुपैयाँ खर्च गरेको छ। कार्यालयको खर्च प्रगति १६.८९ प्रतिशत छ। कर्णाली प्रदेश योजना आयोगले चार करोड १९ लाख ८५ हजार रुपैयाँमध्ये ४६ लाख १६ हजार रुपैयाँ खर्च गरेको छ। यो ११ प्रतिशत हो।

प्रदेश सरकारको तीन महिनाको खर्च विवरणले नियमित प्रशासनिक खर्चको तुलनामा विकास निर्माणतर्फ बजेट कार्यान्वयन सुस्त रहेको देखाउँछ। विशेषगरी पूर्वाधार, जलस्रोत, कृषि र पर्यटनजस्ता विकाससँग प्रत्यक्ष जोडिएका मन्त्रालयमा न्यून खर्च हुँदा बाँकी नौ महिनामा ठूलो परिमाणको बजेट कार्यान्वयन गर्नुपर्ने अवस्था छ। विगतका वर्षहरूमा समेत आर्थिक वर्षको अन्तिमतिर खर्च बढाउने प्रवृत्ति देखिँदै आएको कर्णालीमा चालु वर्षको सुरुवाती प्रगतिले बजेट कार्यान्वयनको पुरानै अवस्था दोहोरिने संकेत गरेको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको अनुरोध

कुनै सार्वजनिक निकायबाट सेवा लिने क्रममा तपाईसँग कुनै कर्मचारी वा बिचौलियाले बहाना बनाई गैर कानूनी रूपमा घुस/रिसवत मागेको वा सार्वजनिक निकायहरूमा भ्रष्टाचारजन्य कसूर भएको सूचना/जानकारी भएमा निम्न माध्यमबाट सम्पर्क गर्नुहुन वा उजुरी दिनुहुन अनुरोध गर्दछौं।

कार्यालय प्रमुख	चौबिसै घण्टा उपलब्ध हुने मोवाइल नं.	सूचना अधिकारी
९८५८०५२६६६	९८५८०५३४२२	९८५८०७३६६६

इमेल : ciaasurkhet@gmail.com / ciaa.surkhet@ciaa.gov.np

भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत र काँक्रेविहार राष्ट्रिय दैनिक बिचको समझदारीमा।

पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समिति

शिलबन्दी कोटेशन आव्हान गरिएको सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१४)

सानीभेरी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता परियोजना अन्तर्गत बिभिन्न किसिमका निर्माण सामग्रीहरु : सिमेन्ट, रड, पाइपहरु, सेनिटरी फिटिङ्गस लगायतका सामग्री खरिद गर्नुपर्ने भएकोले रुकुम (पश्चिम भाग) जिल्लाको सानीभेरी गाउँपालिका वडा नं.२, पूर्तिमकाँडा उत्तेसेनी सम्म सामग्री आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ दिन भित्र तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. बोलपत्र फारम तल उल्लेखित स्थानबाट पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको लक्ष्मी सनराइज बैंक सानीभेरी गाउँपालिकामा रहेको खाता नं. ०७७९१४९६००११०३४५ मा बोलपत्र फारम दस्तुर वापत रु ४,०००।– जम्मा गरेको भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, उद्योग/फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकरण गरेको) तथा फारम दस्तुर तिरेको रसिद पेश गर्नु पर्नेछ। शिलबन्दी बोलपत्र खाम बाहिर बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ।
३. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन। बोलपत्र फारममा उल्लेख गरिएका सामग्रीहरुका लागि सानीभेरी गाउँपालिका वडा नं.२, पूर्तिमकाँडा उत्तेसेनीसम्म सामग्री ढुवानी सहित भ्याट सहित कुल लागत रकम रु.९,९४,०४७/- (अक्षरुपी नौ लाख चौरानब्बे हजार सतचालीस रुपैया मात्र) मा नबढाई हुनुपर्नेछ।
४. बोलपत्र फारममा उल्लेखित प्रत्येक सामग्रीको ढुवानी खर्च समेत समावेश हुनेगरी को दररेट (भ्याट सहित) अंक र अक्षर दुवैमा स्पष्ट गरी लेखिएको हुनु पर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन। आफूले आपूर्ति गर्न सकिने उल्लेखित सामग्रीको गुणस्तर, कम्पनी/ब्राण्ड अनिवार्य रुपमा कोटेशनमा खुलाउनु पर्नेछ अन्यथा उक्त बोलपत्र अन्य भन्दा कम दरभाउ भएतापनि रद्द गर्न सकिनेछ।
५. बोलपत्र फारम खाम बन्द गरी लाहा छापले शिलबन्द गरिएको हुनुपर्नेछ, अन्यथा उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन।
६. बोलपत्र फारम दर्ता गर्ने अन्तिम मितिको दोस्रो दिन १२:०० बजे पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा सानीभेरी गाउँपालिका, वडा नं. २, उत्तेसेनी स्थित पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको कार्यालयमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन। तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ।
७. बोलपत्रमा आफूले कबोल गरेको रकमको (भ्याट सहितको जम्मा रकमको) २.५ प्रतिशतले हुने रकम बराबर धरौटी स्वरुप नेपाल सरकारबाट मान्यता प्राप्त कमर्सियल बैंकबाट जारी भएको कोटेशन पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ९० दिन मान्य अवधि भएको बैंक ग्यारेण्टी (Bid Bond) वा पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिको लक्ष्मी सनराइज बैंक सानीभेरी गाउँपालिकामा रहेको बैंकको खाता हि.नं. ०७७९१४९६००११०३४५ मा रकम दाखिला गरेको बैंक भौचर बोलपत्र दर्ता गर्दा पेश गर्नुपर्ने छ। कोटेशन स्वीकृत भएपछि बिड बोण्ड बाहेक कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतको रकममा नघट्ने गरी कार्य सम्पादन जमानी (परफरमेन्स बण्ड) जम्मा गर्नुपर्नेछ।
८. म्याद नाघी वा रीत नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।
९. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयहरुमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
१०. फाराम बुझाउने अन्तिम मिति २०८३/०७/२० गते कार्यालय समय भित्रमा हुनेछ।
११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समितिमा सुरक्षित रहनेछ।

शिलबन्दी बोलपत्र प्राप्त गर्ने र पेश गर्ने ठेगाना/स्थान:

पूर्तिमकाँडा खानेपानी, सरसफाइ तथा स्वास्थ्य सुधार उपभोक्ता समिति
सानीभेरी गाउँपालिका-२, उत्तेसेनी रुकुम (पश्चिम भाग)
फोन नं. ९७६४१९८२५० वा ९८४४९४९०७४ वा ९८१८३५०५७९ वा ९७०५६८७३०८

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)